DOLPHIN SAVING'S

3rd annual report

# 3rd ANNUAL REPORT

# तेस्रो बार्षिक प्रतिवेदन

# संचालक समिति



श्री मत्स्येन्द्र लाल कायस्थ
अध्यक्ष



श्री लक्ष्मी नारायण अर्याल
उपाध्यक्ष



श्री झलक अर्याल (सुशिल)
सचिव



श्री सुनील मानन्धर
कोषाध्यक्ष



श्री ओम प्रकाश अग्रवाल
संचालक



श्री सत्येन्द्र पुरूष ढकाल
संचालक



श्री रञ्जन कुमार थापा
संचालक

# लेखा तथा सुपरिवेक्षण समिति



श्री बालमुकुन्द विष्ट
संयोजक



श्री प्रकाश बस्याल
सदस्य



श्री मदन प्रसाद ज्ञवाली
सदस्य

# सल्लाहकार समिति



लक्ष्मी प्रसाद सुवेदी
व्यवसायिक



मदन रेग्मी
कानुनी



छायाराम खनाल
सल्लाहकार

# Dolphin Saving Scheme

We are to searve you...




# revise saving & FD interest rate of DSCCL

## PRODUCT HEADING

| S.N. | SAVING | Membership Fee Rs. | Minimum Balance Required Rs. | Revise Interest Rate | Remarks |
|---|---|---|---|---|---|
| 1. | Dolphin Business Saving | 100.00 | 1,00,000.00 | 9% Pa. | Quarterly Interest Capitalize |
| 2. | Dolphin Special Saving | 100.00 | 10,000.00 | 8% Pa. | Quarterly Interest Capitalize |
| 3. | Daily Saving | 100.00 | 200.00 | 7% Pa. | Quarterly Interest Capitalize |
| 4. | Normal Saving | 100.00 | 1,000.00 | 7% Pa. | Quarterly Interest Capitalize |
| 5. | Women Saving | 100.00 | 10,000.00 | 8% Pa. | Quarterly Interest Capitalize |
| 6. | Child Future Saving | 100.00 | 5,000.00 | 8% Pa. | Upon Maturity Interest Capitalize |
| 7. | Monthly Saving | 100.00 | 1,000.00 | 8% Pa. | Yearly Interest Capitalize |
| 8. | Remittance Saving | 100.00 | 20,000.00 | 8% Pa. | Quarterly Interest Capitalize |
| 9. | Share Saving | 100.00 | 5,000.00 | 7% Pa. | Quarterly Interest Capitalize |
| 10. | Senior Citizen Saving | 100.00 | 50,000.00 | 8% Pa. | Quarterly Interest Capitalize |
| 11. | Provident Fund Saving | 100.00 | - | 9% Pa. | Quarterly Interest Capitalize |

## PRODUCT HEADING

<table>
<tr><th rowspan="2">S.N.</th><th rowspan="2">Fixed Deposit</th><th rowspan="2">Membership Fee Rs.</th><th rowspan="2">Minimum Balance Required Rs.</th><th rowspan="2">Current Interest Rate</th><th colspan="3">Revise Interest Rate</th></tr>
<tr><th>Quarterly</th><th>Yearly</th><th>Upon Maturity</th></tr>
<tr><td>1.</td><td>1 Year</td><td>100.00</td><td>5,000.00</td><td>9%</td><td>9.5%</td><td colspan="2">10%</td></tr>
</table>

# DSCCL loan products

**Effective from the date of 1st Aswin 2069 only for new loan members**

| S.N. | Product Title | Revise Interest Rate | Time | Initial Service Charge | Yearly Renewal Charge | EMI (Equal Monthly Installments) |
|---|---|---|---|---|---|---|
| 1. | Business Loan | 17% Diminishing | 1-3 Years | 2% | 1% of Due Amount | Not Compulsory |
| | Business Loan | 16% Diminishing | 1-3 Years | 2% | No Need | Compulsory |
| 2. | Auto Loan | 16% Diminishing | 1-5 Years | 2% | No Need | Compulsory |
| 3. | Home Loan | 17% Diminishing | 1-5 Years | 2% | 1% of Due Amount | Not Compulsory |
| | Home Loan | 16% Diminishing | 1-5 Years | 2% | No Need | Compulsory |
| 4. | Over Draft Loan (OD) | 18% | 1 Year | 2% | 1% of Granted Amount | - |
| 5. | Saral Karja | 18% Diminishing | 1-2 Years | 2% | 1% of Due Amount | Compulsory |
| 6. | Easy Loan (OD) | 19% Diminishing | 1 Year | 2% | 2% of Granted Amount | - |
| 7. | DSCCL Share Loan | 16% Diminishing | 1 Year | 2% | 1% of Due Amount | Not Compulsory |
| 8. | Motor Bike Loan | 17% Diminishing | 1-2 Years | 2% | No Need | Compulsory |
| 9. | Home Appliance Loan | 17% Diminishing | 1 Years | 2% | No Need | Compulsory |
| 10. | Agriculture Loan | 16% Diminishing | 1-2Years | 2% | 1% of Due Amount | Not Compulsory |
| | **Short Term Loan** | | | | | |
| | Month on Above Title | 16% Diminishing | 3 Months | 2% | 1% of Due Amount | Not Compulsory |
| | Month on Above Title | 17% Diminishing | 6 Months | 2% | 1% of Due Amount | Not Compulsory |
| | **Fixed Deposit Against** | | | | | |
| 11. | Fixed Deposit Against Loan | +2% Diminishing | Up-to Mature date of FD | - | - | Compulsory Interest |


City Express Money Transfer
Prabhu Money Transfer
himal remit हिमालरेमिट
Nabil Remit
MoneyGram International Money Transfer
Western Union मनी ट्रान्सफर
CG | फिन्को विश्वसनीयताको अनुभूति
United Remit
REMITTANCE सेवा उपलब्ध छ

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

## तेस्रो वार्षिक साधारण सभा सम्वन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरू**

यस डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०६८/०४/२६ गते शुक्रबार बसेको सञ्चालक समितिको ३४ औं बैठकको निर्णयानुसार यस संस्थाको तेस्रो बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा संस्थाको ऐन, २०४८ को दफा १२ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**साधारण सभा बस्ने स्थान, मिति र समय :**

सभा स्थान : कुपण्डोल ब्याङ्क्वेट्स, कानदेवतास्थान, कुपण्डोल, ललितपुर ।
(सर्वाङ्ग स्वास्थ्य सदन पछाडी)
सभा मिति : २०६९/०६/०६ गते (तदनुसार २२ सेप्टेम्वर २०१२) शनिबार
सभा शुरू हुने समय : दिउस ३:०० बजे
नोट : रात्रि भोजनको व्यवस्था गरिएको छ । (Dinner)

**छलफलको विषय :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको आ. व. २०६८/०६९ को प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ. व. २०६८/०६९ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरेको नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।
४. सहकारी ऐन, २०४८ अनुसार २०६९/०७० को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने अधिकार सञ्चालक समितिलाई दिने सम्बन्धमा।
५. साधारण सभाको निर्णय पुस्तिका (माईन्युट बुक) प्रमाणित गर्नको लागि सञ्चालक समिति र शेयर सदस्यहरूबाट क्रमशः १-१ जना प्रतिनिधिहरू चयन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. संस्थाको विनियम संशोधन सम्बन्धमा ।
२. संस्थाको सदस्य सेवा काउन्टर विस्तार गर्ने सम्बन्धमा ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
सञ्चालक सचिव

..............................................
सुशिल अर्याल

## परिचय (INTRODUCTION)

नयाँ नेपालको अवधारण अनुसार आर्थिक क्षेत्रमा आएको सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै सहकारीको क्षेत्रमा एक भिन्न पहिचान बनाउने लक्ष्य अनुरूप हाम्रो, हजुरहरूको र हामी सबैको डल्फिन बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भएको हो । "We are to Serve You" हामी हजुरहरूको सेवाका निम्ति भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै सहकार्यबाट नै कुनै पनि ब्यक्ति तथा समाजको आर्थिक र सामाजिक बृद्धि विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने लक्ष्य हामीले राखेका छौं । जब कुनै ब्यक्ति तथा समाजको आर्थिक स्तर उच्च हुन्छ तब मात्र एउटा सभ्य सु–संस्कृत अनि सबल समाज निर्माण हुनसक्छ । नेपाल सरकारको सहकारी ऐन २०४८ को अधिनमा रही, छरिएर रहेको निष्क्रिय पूँजीलाई विभिन्न बचत योजनाको माध्यमद्धारा निक्षेप स्वीकार गरी शैक्षिक, उत्पादनमूलक, आयमूलक, औद्योगिक तथा व्यवसायिक लगायतका विभिन्न क्षेत्रमा लगानी गर्ने यस संस्थाको प्रमुख लक्ष्य हो । यस संस्था स्थानीय कुपण्डोल बासि प्राज्ञिक एवं विशिष्ट ब्यक्तिहरूको जमघट एवं व्यवस्थापनबाट भएको आधुनिक सहकारी संस्था हो ।

## दृष्टिकोण (VISION)

संस्थामा संलग्न सदस्यहरूको आर्थिक एवं सामाजिक विकासमा सहयोग पुऱ्याउने, समाज तथा देशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने मुख्य दृष्टिकोण रहेको छ ।

## लक्ष्य (GOAL)

एउटा दरिलो संयन्त्रको निर्माण गरी यस संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरूलाई आयमूलक, रोजगारमूलक एवं सृजनशील कार्य गर्न उत्प्रेरित गर्ने र न्यून ब्याजदरमा सरल रूपमा ऋण उपलब्ध गराई आर्थिक रूपमा सबल बनाउने लक्ष्य रहेको छ ।

## उद्बेश्य (OBJECTIVES)

- आर्थिक निक्षेप योजना बनाई बचत गर्ने बानी बसाल्न सहयोग गर्ने ।
- सहुलियत दरमा सदस्यहरूको आर्थिक तथा सामाजिक विकासका निमित्त उद्योग ब्यापार एवं ब्यक्तिगत प्रयोजनका लागि विभिन्न शीर्षकमा कर्जा उपलब्ध गराउने ।
- सदस्यहरूको सामूहिक रूपमा आर्थिक विकासमा ध्यान दिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय संस्थाहरूसँग सहकार्य गर्ने ।

# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई संस्थाको बार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायत अन्य कागजातहरू शेयरधनी लागतमा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवश कुनै शेयरधनी महानुभावलाई माथि उल्लेखित कागजात समयमा नै प्राप्त नभएमा संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ वा साधारण सभा बाट पारित भैसके पछि संस्थाको वेव साईट मा हेर्न वा डाउनलोड गर्न पनि सक्नु हुने छ ।

२. साधारण सभामा भाग लिन पाल्नुहुने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरू हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिउस २:०० बजेदेखि खुल्ला रहनेछ । उक्त पुस्तिकामा आफ्नो पूर्ण परिचय उल्लेख गरिदिनुहुन अनुरोध गरिन्छ ।

३. छलफलको बिषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै बिषय उपर छलफल गर्न चाहनु भएमा सो विषयबारे सभा शुरू हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै संस्थाका सचिव मार्फत यस संस्थाका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

४. शेयरधनी महानुभावहरूले ब्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा सञ्चालक समितिको अध्यक्षले तोकेको ब्यक्तिले उत्तर दिनुहुनेछ ।

५. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको कार्यालय ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान स्थित सञ्चालक सचिव एवं कार्यकारी प्रमुखको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको बार्षिक प्रतिवेदन | १ |
| २. | सहकारी ऐन, २०४८ अनुसारको केहि विवरण | १ |
| ३. | आ. ब. २०६८/०६९ को लक्ष्य र उपलब्धि | १ |
| ४. | आ. ब. २०६९/०७० को लागि लक्ष्य एवं बजेट | १ |
| ५. | आ. ब. २०६८/०६९ को लेखा समितिको प्रतिवेदन | १ |
| ६. | आ. ब. २०६८/०६९ को लेखापरीक्षकको प्रतिवेदन | १ |
| ७. | आ. ब. २०६८/०६९ को वासालात (असार मसान्त सम्म) | १ |
| ८. | २०६८/०४/०१ देखि २०६९ आषाढ ३१ सम्मको आय विवरण (नाफा नोक्सान हिसाब) | १ |
| ९. | २०६८ आषाढ ३१ सम्मको आर्थिक विवरण सँग सम्बन्धित अनुसूचीहरू | १ |
| १०. | २०६८ आषाढ मसान्तमा समाप्त आर्थिक बर्षको नगद प्रवाह विवरण | १ |
| ११. | लेखानीति तथा तत्सम्बन्धी टिप्पणीहरू | १ |

# सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको बार्षिक प्रतिवेदन
# आ. ब. २०६८/०६९

आदरणीय शेयरधनी महानुभावहरू, एवं उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथि ज्यूहरू,

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तेस्रो बार्षिक साधारण सभामा भाग लिन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समिति तथा मेरो तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु । यहाँहरूको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावी कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

आज यहाँहरू समक्ष २०६९ आषाढ मसान्तसम्मको संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरू छलफल तथा स्वीकृतिको निमित्त पेश गर्दै, सस्थाले आ. ब. २०६८/०६९ मा गरेका उपलब्धि तथा कार्यनीति र आगामी बर्षमा गरिने कार्य योजनाहरू प्रस्तुत गर्न यहाँहरूबाट अनुमति चाहन्छु ।

## यस बर्षको कारोबारको सिंहावलोकन:

आर्थिक बर्ष २०६८/०६९ मा यस संस्थाको वित्तिय स्थितिको विवरण देहाय बमोजिम रहेको छ ।

## मुख्य वित्तिय सूचकाङ्कहरू:

| क.स. | विवरण | आ.ब. २०६८/०६९ |
|---|---|---|
| १. | पूँजी | २,०९,८५,०००.०० |
| २. | निक्षेप | ९,४६,९२,५८१.०३ |
| ३. | कर्जा लगानी (खुद) | ६,७१,८४,०९१.०२ |
| ४. | कूल आम्दानी | १,५७,३५,४७२.९३ |
| ५. | कूल खर्च | १,२०,४२,७०६.८० |
| ६. | खुद मुनाफा (कर अघि) | ३६,९२,७६६.१३ |
| ७. | खुद मुनाफा (कर पछि) | २९,५४,२१२.९० |



माथि उल्लेखित सूचकाङ्कहरू विश्लेषण गर्दा स्थापनाको तेस्रो बर्षमा नै संस्थाले गरेको उल्लेखनिय प्रगति बारे यहाँहरूलाई अवगत गरउन पाउँदा मलाई खुशी लागेको छ । विगत बर्ष देखि नै बैंकिङ्ग क्षेत्रमा तरलता अभावको अवस्था श्रृजना भएतापनि संस्थाले गरेको अथक प्रयासको फलस्वरूप निक्षेप संकलनमा आएको समस्या तथा कर्जा क्षेत्रको संकुचनका बाबजुत  कर्जा लगानी तर्फ पनि उल्लेख्य मात्रामा बृद्धि भएको छ । खुद मुनाफामा पनि उल्लेख्य मात्रामा सफल भएको र हाल सम्म कुनै निष्क्रिय कर्जा रहेको देखिँदैन । साथै छोटो समयमा नै ललितपुर जिल्लामा आफ्नो सफल पहिचान बनाउन सफल भएको छ । आदरणीय शेयरधनी महानुभावहरू, यहाँहरूको सहकारी संस्थाले आफ्नो ब्यवसायिक कार्य कुशलता, लगनशीलता र विश्वसनियता कायम गर्न सफल भएकै कारण स्थानिय प्रतिष्ठित ब्यक्तिहरूबाट अझ बढी हौसला मिलेको छ ।

सहकारी क्षेत्रमा विद्यमान प्रचलन अनुसार लेखापरीक्षण गरी सञ्चालक समितिबाट नगद लाभांश प्रस्ताव गरी साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रस्ताव गरेको छ ।

## संस्थाको औद्योगिक तथा ब्यवसायिक सम्बन्ध

संस्थाले आफ्ना सदस्यहरू, नियमनकर्ता, आफूसँग सम्बन्धित सबै पक्षहरू र सबै तहका कर्मचारीहरू बीच सौहार्दपूर्ण सामञ्जस्यता तथा ब्यवसायिक सम्बन्ध कायम राख्दै आईरहेको छ । अनुभवी तथा ब्यवसायिक दक्ष तथा विज्ञहरूको सल्लाह एंव सुझावका आधारमा संस्थाले स्वच्छ प्रतिस्पर्धा, ब्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्बन गर्दै छिटो छरितो तरिकाले सदस्यमुखी सेवाहरू सदस्यहरूमाझ उपलब्ध गराउँदै आईरहेको छ । साथै यस सम्बन्धलाई अझ सुमधुर बनाउन सस्था निरन्तर प्रयासरत छ ।

## संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरू:

१. लामो समय देखि देशमा रहिरहेको राजनैतिक अस्थिरता ।
२. कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू ।
३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिमहरू ।
४. पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।
५. सहकारी संस्थाको केही सिमित कार्यक्षेत्र ।
६. उत्पादनशील क्षेत्रको विकासमा भएको शिथिलता ।

## प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने लक्ष्यका सम्बन्धमा सञ्चालक समितिको धारणा

सहकारीको उद्देश्य अनुरूप यसले आधुनिक सुविधा सम्पन्न वित्तिय कारोबार गदै आफ्नो कारोबार क्षेत्र तथा सदस्य संख्यामा बृद्धि गर्नुका साथसाथै संस्थाको कार्यक्षेत्र विस्तार गर्नका लागि शेयर पूँजी बृद्धि गरी संस्थाको आर्थिक अवस्थालाई अझ मजबुत पारिएको छ ।

संस्थाले सदस्यहरूलाई आकर्षित गर्न विभिन्न प्रकारका निक्षेप एवं ऋण लगानीका योजनाहरू ल्याएको छ । संस्थाले आफ्ना आदरणीय शेयरधनी महानुभावहरूको लागि डल्फिन स्पेशल सेभिङ्ग एकाउण्ट सञ्चालन गरेको छ र सोही एकाउण्टमा शेयरधनी लाभांश जम्मा गरिने छ । संस्थाले सदस्यहरूको लागि आईतबार देखि शुक्रबार सम्म विहान १०:०० वजे देखि बेलुका ५:०० बजे सम्म सेवा उपलव्ध गराउदै आईरहेको छ ।

## आ. व. २०६८/०६९ वित्तीय सार संक्षेप निम्न बमोजिम रहेको छ

| क.स. | विवरण | आ. ब. २०६७/०६८ | आ.ब. २०६८/०६९ |
|---|---|---|---|
| १. | पूँजी | १,६८,७४,०००.०० | २,०९,८५,०००.०० |
| २. | निक्षेप | ४,९३,२७,२५३.२५ | ९,४६,९२,५८१.०३ |
| ३. | कर्जा लगानी (खुद) | ३,४४,६३,५७३.९५ | ६,७१,८४,०९१.०२ |
| ४. | कूल आम्दानी | ७१,४९,००१.९६ | १,५७,३५,४७२.९३ |
| ५. | कूल खर्च | ५४,७२,५२३.२५ | १,२०,४२,७०६.८० |
| ६. | कूल मुनाफा (कर अघि) | १६,७६,४७८.७१ | ३६,९२,७६६.१३ |
| ७. | खुद मुनाफा (कर पछि) | १३,४१,१८२.९६ | २९,५४,२१२.९० |




## आ. ब. २०६८/०६९ को लक्ष्य एवं उपलब्धीहरू

आ.ब. २०६८/०६९

| क.स. | विवरण | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १. | पूँजी | २,५०,००,०००.०० | २,०९,८५,०००.०० |
| २. | निक्षेप | १३,४३,२७,२५३.२५ | ९,४६,९२,५८१.०३ |
| ३. | कर्जा लगानी (खुद) | १२,९४,६३,५७३.९५ | ६,७१,८४,०९१.०२ |
| ४. | कूल आम्दानी | २,९६,०५,८१९.८८ | १,५७,३५,४७२.९३ |
| ५. | कूल खर्च | २,०८,३५,४७९.१९ | १,२०,४२,७०६.८० |
| ६. | कूल मुनाफा (कर अघि) | ८७,७०,३४०.६९ | ३६,९२,७६६.१३ |
| ७. | खुद मुनाफा (कर पछि) | ७०,१६,२७२.५५ | २९,५४,२१२.९० |

## आ. ब. २०६८/०६९ को लक्ष्य एवं उपलब्धीहरू




## आ. ब. २०६८/०६९ को कोष बाडफाँड

| विवरण | रकम रू. | विवरण | | रकम रू. |
|---|---|---|---|---|
| यस बर्षको खुद नाफा | २९,५४,२१२.९० | साधारण जगेडाकोष | २५% | ७,३८,५५३.२३ |
| | | अन्य कोष | ७५% | २२,१५,६५९.६७ |
| **जम्मा** | **२९,५४,२१२.९०** | | | |
| बाँकी बचत | २२,१५,६५९.६७ | कर्मचारी बोनस कोष | ५% | १,४७,७१०.६५ |
| | | सेयर लाभांश कोष | ६८.५०% | २०,२३,६३५.८४ |
| | | डुबन्त ऋण कोष | ०.५% | १४,७७१.०६ |
| | | सहकारी विकास कोष | ०.५% | १४,७७१.०६ |
| | | सहकारी शिक्षा कोष | ०.५% | १४,७७१.०६ |
| **जम्मा** | **२२,१५,६५९.६७** | **जम्मा** | ७५% | **२२,१५,६५९.६७** |




यस बाँडफाँडबाट आ. ब. २०६८/०६९ आषाढ मसान्तसम्मको सेयर रकमले ९.८५% मुनाफा आर्जन गर्न सफल भएको छ ।

## संस्थाको भावी योजनाहरू:

१. संस्थाको कार्यक्षेत्र र स्तर उन्नति बृद्धि गर्दै लैजाने ।
२. सदस्यहरूको हितमा सेवा बिस्तार गर्ने ।
२. मौलिक किसिमका बचत तथा नयाँ निक्षेप योजनाहरू तर्जुमा गरी कार्यान्वियनमा ल्याउने ।
३. विभिन्न लगानीका श्रोतहरू पहिचान गरी लगानी प्रबर्द्धन गर्ने ।
४. समान किसिमका संस्थासँग सहकार्य बढाँउदै लैजाने ।
४. निम्न र मध्यम वर्गमा सहकारीको पहुँच पुऱ्याउने ।
५. सदस्यहरूको हितमा सदस्य सेवा काउन्टर बिस्तार गर्ने ।

## संस्थागत सामाजिक दायित्व:

संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अनुसार सामाजिक उत्थानका लागि यस संस्थाले समाजमा सकारात्मक प्रभाव पारी निम्न वर्गलाई सुलभ दरमा ऋण प्रदान गरेको छ ।

अन्त्यमा,

संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग सद्भाव तथा मार्गदर्शन दिनु भई यस संस्थालाई वर्तमान अवस्थासम्म पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग गर्नु हुने सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरू, नेपाल सरकार डिभिजन सहकारी कार्यालय ललितपुर, स्थानिय वासि एवं सम्पूर्ण ललितपुरलाई कार्यक्षेत्र बनाई ब्यवसाय सञ्चालन गर्नु भएका व्यवसायिहरू, संस्थालाई विश्वास एवं माया गरी बचत गर्नु भएका सम्पूर्ण बचत कर्ताहरू, लेखापरीक्षक, कानूनी सल्लाहकार, ब्यवसायिक सल्लाहकार तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरू प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्दछु । साथै हाम्रा आदरणीय शेयरधनी महानुभावहरूले संस्थाप्रति देखाउनु भएको अगाढ विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा यहाँहरूको सदाशयता र सहयोग कायमै रहने अपेक्षा गर्दछु । संस्थाको व्यवस्थापन एवं सबै तहका कर्मचारीहरूबाट संस्थाले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिबद्धता र अथक परिश्रमको सराहना गर्दै शेयरधनी महानुभावहरूको रचनात्मक सल्लाह, सुझाव र सहयोगलाई संस्थाले सदैव मार्गनिर्देशनका रूपमा लिनेछ भन्ने प्रतिबद्धता ब्यक्त गर्दै हार्दिक कृतज्ञता र आभार ब्यक्त गर्दछु । अन्त्यमा सभाको छलफलको विषय सूची अनुसारका विषयहरूमा छलफल गरी पारित गर्नका लागि अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद् !

संचालक समितिका तर्फबाट
मत्स्येन्द्र लाल कायस्थ
अध्यक्ष
मिति : २०६९ असोज ०६ गते शनिवार

## सहकारी ऐन, २०४८ अनुसारको थप विवरण

**१. लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम**

आ. ब. २०६८/०६९ मा रू.२९,५४,२१२.९० (अक्षेरेपी उनान्तीस लाख चौंहन्न हजार दुई सय बाह्र रूपैंया र पैसा नब्ब मात्र) खुद नाफा भएकोमा ९.८५% नगद लाभांश वितरण गर्नको लागि प्रस्ताव गरिएको छ ।

**२. संस्थाको सहायक कम्पनी सम्बन्धी विवरण**

संस्थाको हाल सम्म कुनै सहायक कम्पनी नभएको ।

**३. विगत आ. व. मा संस्थाको शेयरधनीहरूले संस्थालई उपलब्ध गराएको जानकारी**

हालसम्म यस्तो कुनै जानकारी संस्थालाइ प्राप्त हुन नआएको ।

**४. आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण**

संस्थाको प्रभावकारी एवं सक्षम आन्तरिक नियन्त्रण प्रणाली रहेको छ । संस्थाको लेखा समितिले संस्थाको आन्तरिक लेखापरीक्षण नियमित रूपमा गर्दै आएको छ ।

**क. कर्जा समिति:**

संस्थाबाट प्रवाह हुने कर्जाको जोखिम ब्यवस्थापन तथा कर्जा प्रवाहमा छिटो छरितोको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी ३ जना सञ्चालकको एउटा छुट्टै कर्जा समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कर्जा विभागका प्रमुखलाई समेत बैठकमा उपस्थित गराई कर्जाबारे विस्तृत जानकारी दिई कर्जा स्वीकृति गरी सोको जानकारी सञ्चालक समितिमा गराउने गरेको छ ।

**ख. मानव संशाधन समिति:**

संस्थामा आवश्यक कर्मचारीको छनौटको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी ३ जना सञ्चालकको एउटा छुट्टै मानब संशोधन समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कार्यकारी प्रमुखले कर्मचारी छनौट सम्बन्धमा बैठकमा उपस्थित भई कर्मचारी भर्ना बारे विस्तृत जानकारी सञ्चालक समितिमा गराउने गरेको छ ।

**५. अन्य आवश्यक कुराहरू**

संस्थाले कार्यालयबाट सदस्यहरूलई निम्न सुविधाहरू उपलब्ध गराउँदै आएको छ ।

**क. रेमिटेन्स सुविधा**
**ख. 0% ब्याजदरमा घरायसी सामानहरूको किस्ताबन्दी सुविधा**
**ग. टेलिफोन तथा मोवाईलको बिल भुक्तानी सुविधा**

**६. समस्या तथा चुनौती**

देशमा भईरहेको राजनैतिक अस्थिरताले गर्दा सम्पूर्ण लगानी कर्ताहरू पर्ख, हेर र गरको नीति अवलम्बन गरेको अवस्था छ । संस्थाले निक्षेप संकलन गरेर विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको भए तापनि देशको राजनैतिक अस्थिरताले गर्दा सोचे जस्तो सफलता हासिल गर्न सकिरहेका छैनौं । विभिन्न उद्देश्य लिएर खोलेका हाम्रो जस्ता संस्था विभिन्न कारणले गर्दा बन्द भईरहेको अवस्था छ । सोहि परिस्थितिले हाम्रो जस्तो संस्थामा पनि अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । सोहि अवस्थालाई मध्यनजर गर्दै संस्थाले पर्ख, हेर र गरको नीति अवलम्बन गरेको छ ।

## ७. संस्थागत सुशासन
**संस्थागत सुशासन अभिवृद्धिका लागि चालिएका कदमहरूको विवरण :**

क. सञ्चालक समिति, कर्जा तथा जोखिम व्यवस्थापन समिति, पदपूर्ति तथा बढुवा समिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरू क्रियाशील छन् ।

ख. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखा समितिको बैठक नियमित रूपमा बसी सञ्चालक समिति समक्ष सुझावहरू पेश गरेको छ ।

ग. सञ्चालन जोखिमहरू कम गर्न तथा कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू लागू गरिएको छ ।

## ८. जनशक्ति
२०६९ आषाढ मसान्तसम्म संस्थामा जम्मा आठ जना कर्मचारीहरू कार्यरत छन् । यस मध्ये चार जना महिला कर्मचारीहरू छन् । संस्थाको प्रगति र सफलता संस्थामा कार्यरत जनशक्तिको सीप, ज्ञान, कार्य कुशलता, इमान्दारीता, कर्तव्यनिष्ठता, नैतिकता आदिमा भर पर्दछ भन्ने कुरालाई यस संस्थाले समेत मध्यनजर गर्दै आईरहेकोले कर्मचारीहरूलाई संस्थाको सम्पतिको रूपमा लिन कर्मचारीको मनोवल एवं कार्य दक्षतामा अभिवृद्धि गरी संस्थाको प्रतिफल दर उच्च बनाउन संस्थामा कार्यरत कर्मचारीहरूलाई निरन्तर रूपमा सहकारी/वित्तिय कारोबार सम्बन्धी तालिम आन्तरिक तथा बाह्य बिशेषज्ञबाट दिंदै आईरहेको छ । आगामी दिनहरूमा तालिम कार्यक्रमलाई अझ बढी भन्दा बढी प्रभावकारी रूपमा लागू गर्दै थप कर्मचारीहरूलाई समेत सहभागिता गराई सहकारी क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्दै लैजाने संस्थाको नीति रहेको छ ।

## ९. प्रविधि
संस्थाको कार्यप्रणाली माईक्रो ब्याङ्कर (Micro Banker) बैंकिङ्ग सफ्टवेयरबाट सञ्चालित छ । यो प्रविधिमा समय सापेक्ष सुधार गर्न आवश्यकता र कारोबारको प्रकृति अनुसार परिमार्जित गर्दै लगिएको छ । संस्थाको सूचना प्रविधिको विश्वसनियता र सुरक्षाको लागि बाह्य विशेषज्ञ मार्फत् अध्ययन गराईएको र निजको सुझावहरू सम्भव भएसम्म कार्यान्वयन गराईएको छ ।

## आ.व. २०६९/०७० को लागि लक्ष्य एवं बजेट

**आ.व. २०६९/०७० को लागि लिइएको लक्ष्य एवं बजेट**

| क.स. | विवरण | आ.व. २०६८/०६९ | आ.व. २०६९/०७० थप | आ.व. २०६८/०६९ जम्मा |
|---|---|---|---|---|
| १. | पूंजी तथा | २,०९,८५,०००.०० | १०,१५,०००.०० | २,२०,००,०००.०० |
| २. | निक्षेप | ९,४६,९२,५८१.०३ | २,५३,०७,४१९.०० | १२,००,००,०००.०० |
| ३. | कर्जा लगानी (खुद) | ६,७१,८४,०९१.०२ | ६,५०,००,०००.०० | १३,२१,८४,०९१.०२ |
| ४. | कूल आम्दानी | १,५७,३५,४७२.९३ | २,५४,७३,३५४.५६ | २,५४,७३,३५४.५६ |
| ५. | कूल खर्च | १,२०,४२,७०६.८० | १,७३,८२,९६०.०० | १,७३,८२,९६०.०० |
| ६. | कूल मुनाफा (आ.क. अगाडी) | ३६,९२,७६६.१३ | ६४,७२,३१५.६५ | ६४,७२,३१५.६५ |
| ७. | खुद मुनाफा (कर्मचारी बोनस र विभिन्न कोष अघि) | २९,५४,२१२.९० | ५१,७७,८५२.५२ | ५१,७७,८५२.५२ |




### १. शेयर पूंजी:

आ.ब. २०६९/०७० मा थप र साविक सदस्यहरू समेतबाट गरी करिब रू. १०,१५,०००/- (दश लाख पन्ध्र हजार मात्र) थप संकलन गरी २,२०,००,०००.०० (दुई करोड बिस लाख मात्र) शेयर पूंजी पुऱ्याउने लक्ष्य लिएको छ ।

### २. निक्षेप संकलन:

विभिन्न प्रकारका बचत संकलन एवं भुक्तानी गरी आ.ब. २०६९/०७० को अन्त्य सम्ममा संस्थाको कुल बचत रू. १२,००,००,०००/- (बाह्र करोड मात्र) पुऱ्याउने लक्ष्य राखिएको छ ।

**३. कर्जा लगानी:**

शेयर, बचत, सांवा/ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. २०६९/०७० मा विभिन्न उद्देश्यहरूमा रू. १३,२१,८४,०९१.०२ ( तेह्र करोड एक्काईस लाख चौरासी हजार एकानब्बे रूपैया पैसा दुई मात्र) कर्जा लगानी गर्ने उद्देश्य राखिएको छ ।

**४. कर्जा असुली:**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ.ब.२०६९/०७० मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार असुल गरिने छ ।

**५. अन्य लगानी:**

यस संस्थाले मुद्धती खातामा बैंक/बित्तिय संस्थाहरूको शेयरमा एवं व्यावसायिक प्रायोजनको लागि ब्यापार, कल कारखाना तथा उधोग धन्दा (कपि उधोग, प्लाष्टिक फाईल उद्योग, फर्निचर उद्योग),आवास निर्माण, कृषि, आयात तथा निर्यात एवं मनि ट्रान्सफरमा समेत संस्थाको आर्थिक तरलतालाई ध्यानमा राखी उचित रकम लगानी गर्ने संस्थाको योजना रहेको छ ।

**६. कर्मचारीको दरबन्दी:**

आ.ब. २०६९/०७० मा विभिन्न तह/ओहदामा रही कार्य गर्ने कुल १ देखि २ जना सेवा प्रवाही कर्मचारीहरूको दरबन्दी रहन सक्ने छ ।

**७. अनुमानित आम्दानी:**

आ.ब. २०६९/०७० मा कर्जा सापट, बैंक मौज्दतबाट र अन्य श्रोतबाट ब्याज रू. २,५४,७३,३५४.५६ (दुई करोड चौवन्न लाख त्रिहत्तर हजार तिन सय चौन्न रूपैया र छपन्न पैसा मात्र) हुने अनुमान गरिएको छ ।

**८. अनुमानित खर्च:**

आ.ब.२०६९/०७० को लागि कर्मचारीहरूको तलब, भत्ता तथा पारिश्रमिक र प्रशासनिक खर्च रू. २९,८२,६९०.०० (उनन्तीस लाख बयासी हजार नौ सय साठी मात्र) र बचत तथा मुद्धतीमा ब्याज खर्च रू. १,४४,००,०००.०० (एक करोड चौवालीस लाख मात्र) गरी आ.ब. २०६९/०७० को अन्त सम्ममा रू. १,७३,८२,९६०.०० (एक करोड त्रिहत्तर लाख बयासी हजार नौ सय साठी रूपैंया मात्र) कुल खर्च हुने अनुमान गरिएको छ ।

**९. नाफा/नोक्सानको स्थिति:**

उपरोक्त बमोजिम कुल खर्च रू. १,७३,८२,९६०.०० (एक करोड त्रिहत्तर लाख बयासी हजार नौसय साठी मात्र) र कुल आम्दानीको समायोजनलाई हेर्दा आ.ब.२०६९/०७० मा कुल आम्दानी रू. २,५४,७३,३५४.५६ (दुई करोड चौवन्न लाख त्रिहत्तर हजार तिन सय चौवन्न रूपैया र पैसा छपन्न मात्र) कुल खर्च र कुल आम्दानीको अन्तर कुल नाफा रू. ६४,७२,३१५.६५ (चौंसठ्ठी लाख बहत्तर हजार तिन सय पन्द्र रूपैया र पैसा पैसठ्ठी मात्र) खुद मुनाफा (कर्मचारी बोनस, कर र विभिन्न कोष अघि) देखिने प्रक्षेपण गरिएको छ ।

**१०. सम्पत्ति बजेट:**

आ.ब. २०६९/०७० का लागि अनुमानित सम्पत्ति बजेट अनुरूप संस्थामा आवश्यक यातायतको साधन, नोट काउन्टीङ मेसीन तथा अन्य कार्यालय सञ्चालनका लागि आवश्यक मसलन्द खरीद गर्न बजेट बिनियोजन गरिएको छ ।

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## प्रमुख कार्याकारी अधिकृत श्री झलक अर्याल (सुशिल) द्वारा तेस्रो साधारण सभामा प्रस्तुत अर्थिक प्रतिबेदन

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुर-१०, कुपण्डोलको तेस्रो गरिमामय साधारणसभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, सल्लाकार समिति, संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उप–समितिका पदाधिकारीज्यूहरू, शेरधनी महानुभाबहरू, तथा कर्मचारी साथिहरू ।

यस संस्थाको साधारणसभा मार्फत सम्पूर्ण शेयरधनी महानुभावहरू समक्ष लिखित प्रतिवेदन पेश गर्न पाउँदा गौरवको अनुभुति गदै उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू प्रति हृदयदेखी सहकारी अभिवादन टक्र्याउन चाहान्छु ।

यस संस्थाको स्थापना सम्बन्धमा बिभिन्न क्षेत्रका प्राज्ञिक ब्यक्तीत्वहरूका अथक प्रयासबाट सहकारी सिद्धान्तको मूल्य, मान्यतालाई अनुसरण गर्दै वि.स २०६६ साल ११ महिना २३ गतेका दिन दर्ता भई २०६७ जेष्ठ महिना ५ गतेका दिन विधिवत स्थापना भै सम्बन्धि कारोबार संचालन गर्दै संस्थामा हालसम्म २१४ जना शेयर सदस्य र १३७ जना विभिन्न शिर्षकहरूमा ऋण रकम रू.६,७१,४८,०९१।०२ प्रवाह गरी ललितपुर जिल्लमा छोटो अबधिमै अग्रणी संस्थाको रूपमा चिरपरिचित गराउनमा अग्रज शेयरधनीहरूको अविश्मरणीय भुमिका रहेको अवगत गराउन चाहान्छु ।

देशको सहज ⁄असहज परिस्थितिमा समेत कत्तिपनि विचलित नभै हाल ललितपुर जिल्ला भरी आफ्नो कार्यक्षेत्र विष्तार गरी ललितपुर जिल्लाका सेवाग्राही महानुभावहरूप्रति सहकारी सेवा एवम् वित्तिय सेवा प्रदान गर्दै आईरहेकोले यहाँहरूका माझमा यो संस्था उपकारी एवम् सेवामुखी भावनाले भरिपूर्ण छ ।

आदरणीय शेयरधनी महानुभावहरूको संस्थाप्रति आगाढ, प्रेम, सद्भाव, लगनसिलता, ईमान्दारीताको प्रतिफलका कारण संस्थाले सहकारी क्षेत्रमा ललितपुर जिल्लाका सहकारी मध्ये अग्रपंतीमा आफ्ने नाम राख्न सफल रहेको छ । यो संस्था "We are to Serve You" भन्ने मुलमन्त्रलाई आत्मासाथ गर्दै संस्थाबाट के प्राप्त गर्ने भन्दा संस्थालाई कसरी अझ बढी सेवामुखी शसक्त बनाउने भन्ने विषयमा अझ गम्भिरताका साथ लाग्नु नै हुनेछ । संस्थाबाट भै रहेको कामकाज प्रति सन्तुष्टि⁄असन्टुष्टि जे प्राप्त गर्नु भएको छ सो बारेमा स्वचछ विचारहरूको उच्च मूल्याङकन गर्दै हामी कर्मचारीमित्रहरूलाई आवश्यक सहयोग सुझाव नीति तथा कार्यक्रमहरूको बारेमा हजुरहरूको सुझावको सदर कदर गर्दै सेवामा समर्पित हुनेनै छौं । यस संस्थावाट जे जति सेवामुखी कार्य भैरहेका छन् । ती बारेमा पुनः विचार गरि नयाँ नीति तथा कार्यक्रम बनाई मार्गदर्शन दिनुनै हुनेछ ।

संस्थाबात विभिन्न शीर्षकमा वितरित भएको ऋणहरूबाट आफ्ना आवश्यकता पुरा गरि सहजता गराउन संस्थाले जसरी सहयोग पुर्‍याई हजुरहरूलाई गुन लगाएको छ । त्यसै गरी ऋण सम्बन्धि कारोबार समयमा व्याज बुझाउने, सावांको किस्ता बुझाउने ऋण सम्बन्धि नीति निकायहरूको स्पष्ट जानकारी लिई संस्थाको मेरूदण्डको रूपमा रहेको ऋण असूली लाई प्रभावकारी बनाउदै लैजाने विषयमा यहाँहरूको अमूल्य सहयोग अपेक्षा गर्दै यस महान कार्यमा सहयोग गरिदिनुहुन विनम्रताका साथ अनुरोध गर्दै विदा हुन अनुमति चाहान्छु ।

धन्यवाद । जय सहकारी

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## तेस्रो बार्षिक साधारण सभा समक्ष लेखा समितिको संयोजक तर्फबाट श्री बाल मुकुन्द विष्टद्धारा प्रस्तुत आ. व. २०६८/०६९ को लेखा समितिको प्रतिवेदन

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, बिशेष अतिथि, सल्लाहकार समितिका सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारी ज्यूहरू, लेखा समितिका साथीहरू, शेयर सदस्य महानुभावहरू, आगन्तुक महानुभावहरू र संस्थामा कार्यरत कर्मचारीहरू लगायत उपस्थित सबैमा लेखा समितिको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ।

संस्था सञ्चालनको छोटो समयमा संस्थाले गरेको प्रगतिको सराहाना गर्दछु । गत बर्षको साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूले दिएको जिम्मेवारीलाई हृदय देखि नै मनन गरी संस्थाको आर्थिक गतिविधि नियाल्ने मौका प्राप्त भए बमोजिम संस्थाको लेखा समितिको तर्फबाट प्रतिवेदन पेश गेरेका छौं ।

